# जनयुद्धको पहिलो दस्तावेजः

“हामी मजदुरहरुलाई भन्छौं, विद्यमान स्थितिलाई परिवर्तन गर्ने मात्र होइन आफैलाई राजनीतिक सत्ता संचालन योग्य बनाउन समेत तपाईहरु १५,२०,र ५० वर्षका गृहयुद्ध एवं अन्तर्राष्ट्रिय युद्धका बीचबाट गुज्रनु पर्ने हुन्छ ।”

– कार्ल मार्क्स

“गृहयुद्ध बिना आजसम्म इतिहासमा कुनै पनि महाक्रान्ति सम्पन्न हुन सकेको छैन र त्यस विना पुँजीवादबाट समाजवादमा संक्रमण कुनैपनि गम्भीर माक्र्सवादीले सोच्न सक्दैन ।”

– भि.आई. लेनिन

“हरेक कम्युनिष्टले यो सच्चाईलाई आत्मसाथ गर्नै पर्छ कि राजनैतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ, हाम्रो सिद्धान्त हो कि पार्टीले बन्दुक चलाउँछ र कुनै हालतमा बन्दुकले पार्टी चलाउँन दिइने छैन ।”

– माओत्सेतुङ्ग

## भूमिका

मार्क्सवाद-लेनिनवाद-माओवादको सार्वभौम सत्यलाई नेपाली समाजको वास्तविक स्थितिमा लागु गर्ने प्रक्रियामा चलेको लामो वैचारिक एवं वर्ग संघर्षको अनुभवका आधारमा एकता महाधिवेशनमा हाम्रो पार्टीले क्रान्तिकारी राजनैतिक कार्यदिशा निर्धारित गर्यो । त्यस कार्यदिशा मुताविक केन्द्रीय समितिको तेस्रो विस्तारित वैठकले व्यवस्थित रुपले पार्टीको सैन्य कार्यदिशा अघि ल्यायो । त्यो सैन्य आजका राष्ट्रिय एवं अन्तराष्ट्रिय परिस्थितिका बारेमा मात्र होइन, नेपाली समाजको ऐतिहासिक विकास प्रक्रिया र आजको आर्थिक, राजनैतिक, साँस्कृतिक एवं भौगोलिक विशिष्टताहरु समेतको लेखाजोखा गरी नेपाली जनयुद्धको रणनीति एवं कार्यनीतिहरुको खाका तयार गर्याे ।

नेपालमा सचेत ढंगले जनयुद्धको उठान गर्ने उद्देश्यमा केन्द्रीत रही विस्तारित बैठकको त्यो दस्तावेजले त्यो प्रक्रियाका चरणहरु निश्चित गर्याे । त्यस अनुसारको पहिलो चरणलाई अन्तिम तयारीको चरणको रुपमा परिभाषित गर्याे । वैचारिक, राजनैतिक, संगठनात्मक, प्राविधिक एवं संघर्ष सम्बन्धि न्यूनतम तयारी पूरा गर्ने केन्द्रीय समितिको योजनाअनुसार ती कामहरु मूल रुपमा पूरा गरिएका छन् । ती सबै कामको पार्टी ने.क.पा.(माओवादी)को ०५२ असारमा सम्पन्न केन्द्रीय समितिको बैठकमा पारित जनयुद्धको प्रथम योजना सम्बन्धि प्रस्ताव र आम जनसमुदायमा निकै सकारात्मक र उत्साहवर्दधक प्रभाव परेको छ ।

देशमा प्रतिक्रियावादी राज्यसत्ता र त्यस अन्तर्गतका राजनैतिक गुटहरुमा विकास भैरहेको आम संकटको प्रक्रिया तथा हाम्रो तर्फबाट नयाँ स्पिरिडअनुसार उनिहरुको भण्डाफोर एवं देशका विभिन्न भागमा अघि बढिरहेको विविध रुपका संघर्षका कार्यक्रमहरुले आज पार्टीको छवि देशको एकमात्र वैकल्पिक क्रान्तिकारी राजनैतिक शक्तिका रुपमा स्थापित गर्दै आइएको छ । त्यस सन्दर्भमा प्रमुख कुरा के हो भने

आज पार्टीको माथिदेखि तलसम्मको मूल संयन्त्र तयारीको चरणबाट संघर्षको पहलकदमीको चरणमा प्रवेशका लागि मानसिक रुपले तयार भएको छ ।

यसरी वस्तुगत एवं आत्मगत दुबै हिसाबले नेपालमा सशस्त्र संघर्षको पहल गर्ने ऐतिहासिक योजना निर्माणको परिस्थिति तयार भएको छ । त्यसकारण केन्द्रीय समितिको यो बैठकको काँधमा नेपाली समाज र पार्टीको इतिहासमा एक नयाँ पृष्ठ खोल्ने जनयुद्धमा पहलकदमीको योजना तयार पार्ने दुरगामी महत्वको जिम्मेवारी आएको छ ।

## जनयुद्धको ऐतिहासिक पहलका लागि हाम्रा सैद्धान्तिक प्रतिवद्धताहरु

हाम्रो योजना क्रान्तिकारी हिंसा सम्बन्धि माक्र्सवाद–लेनिनवाद–माओवादका शिक्षामा आधारित हुनेछ । हाम्रो देशको विशिष्टताअनुसार गाउँबाट शहर घेर्ने रणनीतिमा आधारित दीर्घकालिन जनयुद्धका रुपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एकपटक पुनः माओद्वारा विकास गरिएको सर्वहारा वर्गको सार्वभौम र अपराजय माक्र्सवादी सैन्य सिद्धान्तका रुपमा जनयुद्धको सिद्धान्तप्रति अविचल रहने प्रतिज्ञा गर्दछ ।

1. जनयुद्धको थालनीको हाम्रो यो योजना ‘राज्यसत्ता बाहेक अरु सबै भ्रम हो’ भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निमित्त राजनैतिक सत्ता कब्जा गर्नु नै सशस्त्र संघर्षको प्रमुख उद्देश्य हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखा पर्ने अर्थवाद, सुधारवाद, अराजकतावादलगायत सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिविरुद्ध निरन्तर संघर्ष गर्ने पार्टी आफ्नो प्रतिवद्धता जाहेर गर्दछ ।
2. हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहाराको अधिनायकत्व अन्तरगत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा साँस्कृतिक क्रान्तिहरु चलाउँदै मानव जाति कै स्वर्णिम भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ । एक पटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढता विना सशस्त्र संघर्षको थालनी गर्नु सर्वहारा वर्ग एवं आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दवाव दिई सामान्य सम्झैतामा टुंग्याउने साधन बन्न कदापी दिईनेछैन । यसरी हाम्रो सशस्त्र संघर्ष सबै प्रकारका निम्न पूँजीवादी, संकिर्ण, राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवं जातीवादी विभ्रमहरुबाट सम्पूर्ण रुपले मुक्त रहने छ ।
3. हाम्रो यो योजना सर्वहारा अन्तराष्ट्रवादको महान् भावनामा आधारित रहनेछ । नेपाली क्रान्ति, सर्वहारा विश्व क्रान्तिको अभिन्न अंग हो र यसले विश्व क्रान्तिको सेवा गर्ने छ । हाम्रो पार्टी यस सन्दर्भमा माक्र्सवाद–लेनिनवाद–माओवादको निर्देशनमा विश्व क्रान्ति अघि बढाउन तथा नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघि बढिरहेको ‘क्रान्तिकारी अन्तराष्ट्रियवादी आन्दोलन’ (रिम) (जसको हाम्रो पार्टी पनि सदस्य छ ।) को विकासमा अझ बढी सहयोग पु¥याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ ।

4. हाम्रो योजना नयाँ जनवादी क्रान्ति कालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निमार्णको सैद्धान्तिक मान्यतामा आधारित रहने छ । अन्तरविरोधको नियमको सार्वभौमिकताअनुसार पार्टीभित्र संघर्षलाई द्वन्द्वात्मक ढंगले ग्रहण र त्यसलाई संचालन गर्नु पार्टीलाई त्यसरी सजिव राखि हर क्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु पूरा हृदयले जनताको सेवा गर्ने जनतासँग घनिष्ट सम्बन्ध कायम राख्ने जनदिशाको सिद्धान्त अविचल रहने कुरामा पार्टी कटिबद्ध छ ।
5. हाम्रो यो योजना सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यताअनुसार बन्ने छ । पार्टीको नेतृत्वमा सामन्तवा र साम्राज्यवाद विरोधी सबै तह र तप्काका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र संघर्ष संचालन गरिने छ । कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र संघर्ष श्रमजीवि जनससमुदाय मूख्यतः गरिव किसाहरुमाथि भर परेर चल्ने छ । कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवं प्रतिक्रियावादी गुटहरुको दवाव, धम्की र प्रलोभनमा पर्ने छैन ।
6. युद्धमा आफ्नै नियमअनुसार त्यो सरल रेखामा होईन जटिल बक्र रेखामा अघि बढ्ने छ । लनिनको “क्रान्ति आफैले आफ्नो विकास क्रममा सधै नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ” भन्ने कुराको महत्वलाई आत्मसात गरेर जानु जरुरी छ । जीत र हार, उपलब्धि र क्षतिका चक्रहरु पार गरेर नै जनयुद्ध विजयी बन्ने छ । खराब कुरालाई असल कुरामा रुपान्तरण गर्ने अन्तरविरोधको नियमलाई ठिक ढंगले पकडेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्नेछौं ।

## योजना

यो योजना जनयुद्ध थालनीको योजना हुनेछ । यसका तीन उपचरण प्रथम, थालनीको तयारी, द्वितीय थालनी र तृतीय निरन्तरता हुनेछन् ।

### लक्ष्यहरुः यस योजनाका निम्न प्रमुख लक्ष्यहरु हुनेछन् ।

१. प्रतिक्रियावादी राज्यसत्ताका विरुद्ध नयाँ जनवादी राज्यसत्ताका लागि सशस्त्र संघर्षको राजनीतिलाई व्यवहारिक अभिव्यक्तिका साथ स्थापित गर्नु ।
२. नयाँ जनवादी क्रान्तिका लागि संघर्षको प्रधान रुप सेना र सघर्षको प्रधान रुप युद्ध हो भन्ने मान्यतालाई विभिन्न दलहरु तथा छापामार कार्यवाहीका माध्मबाट अभिव्यक्त गर्नु ।
३. देशका विभिन्न भागमा रहेका मुख्य इलाकाहरुलाई छापामार इलाकामा विकास गर्ने आधार तयार पार्ने ।

- नाराहरुः यस योजना अवधिमा पार्टीका प्रमुख, सहायक र विशिष्ट नाराहरु निम्न बमोजिम हुनेछन् ।
- मुख्य नाराः नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं !
- सहायक नाराहरुः राजतन्त्रात्मक संसदीय व्यवस्था—मुर्दावाद !
- पंचकाँग्रेस गठबन्धन सरकार—मुर्दावाद !

- जमिन कस्को—जोत्नेको !
- विद्रोह जनताको—अधिकार हो !
- नयाँ जनवादी क्रान्ति—जिन्दावाद !
- जनयुद्ध—जिन्दावाद !
- सामन्तवाद–साम्राज्यवाद–विस्तारवाद—मुर्दावाद !
- संसोधनवाद, नवसंसोधनवाद—मुर्दावाद !
- माक्र्सवाद–लेनिनवाद–माओवाद—जिन्दावाद !
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी)–जिन्दावाद !

उपरोक्त प्रमुख र सहायक नाराहरुका साथै सबै क्षेत्रहरुले आ–आफ्नो विशेषताअनुसार निम्न कुरालाई समेटने गरी विशिष्ट नाराहरुको विकास गर्नु पर्ने छ ।

जमिन जोत्नेको नारा अन्तरगत सामन्त जमिन्दारको जग्गा कब्जा गरी भूमिहिन गरिब किसानहरुमा वितरण गर्ने, प्रति जग्गा कब्जा गरी किसानहरुमा वितरण गर्ने, सामन्तहरुको बाली कब्जा गर्ने, कृषि बैंकलगायत बैंकहरुको ऋण नतिर्ने, रोजगारीका निम्ति संघर्ष उठाउने, सहकारी खेतीका लागि किसानहरुलाई प्रेरित र संगठित गर्ने, ग्रामिण कृषि उत्पादन पद्धतिमा वैज्ञानिकिकरण गर्ने, आत्मनिर्भर अर्थतन्त्रका लागि स्थानीय स्रोत र साधनको सृजनात्मक परिचालनमा जोड दिने आदि ।

महिलाहरु माथि पैतृक सम्पति लगायतका आर्थिक, राजनैतिक र सामाजिक जीवनका सबै क्षेत्रमा रहेका सामन्ती पितृसत्तावादी थिचोमिचो, भेदभाव र अन्धविश्वासका विरुद्ध समान अधिकारका निमित्त संघर्षका नाराहरुलाई सशक्त ढंगले उठाउने ।

जातीय भेदभावका विरुद्ध जातीय स्वायत्तताको नारालाई व्यापक रुपमा उठाउने र पार्टीको प्रभाव भएका संघर्षका इलाकाहरुमा स्वायत्तताको नीतिलाई लागु गरेर जाने दलित जाती माथिको शोषण उत्पीडनका विरुद्ध नारा उठाउने र संघर्ष संगठीत गर्ने ।

क्षेत्रीय भेदभावका विरुद्ध संघर्षको नारा दिने । त्यसै गरी धार्मिक थिचोमिचोका विरुद्ध धर्मनिरपेक्ष राज्यको नारालाई उठाउने ।

स्थिति अनुसार विभिन्न जनवर्गका मागहरुलाई मुर्त नाराका रुपमा सुत्रवद्ध गर्ने ।

**प्रथम उपचरणः** जनयुद्धको प्रथम ऐतिहासिक पहलका निमित्त तयारी

**वैचारिक तयारीः—**निर्धारित अवधिमा निम्न कामहरु पूरा गरिने छन् ।

क. जनयुद्धको थालनीको निमित्त पार्टीमा वैचारिक आधार तयार पार्ने उद्देश्यमा केन्द्रित भई ‘माओवादी’ ‘मशाल’ र एक अंग्रेजी मुखपत्र प्रकाशित गर्ने ।

ख. यस योजनाका मूल पक्ष एवं जनयुद्धको थालनीका निमित्त आवश्यक स्पष्टता सहीतको समान बुझाई र स्पिरिड पैदा गर्न सबै क्षेत्रहरुमा प्रमुख एवं सक्रिय कार्यकर्ताहरु छानेर केन्द्रीय कार्यालयका तर्फबाट प्रशिक्षण संचालन गर्ने । त्यसपछि क्षेत्रले जिल्ला र जिल्लाले सेलसम्म नै एक चक्कर सो प्रशिक्षण लैजाने ।

ग. स्थिति अनुसार सबै क्षेत्रहरुले ठोस कार्यक्रम बनाई विभिन्न स्तरमा कोठेसभा, कोणसभा, आमसभा, जुलुश, पर्चा, वालिङ्ग, साँस्कृतिक कार्यक्रम लगायतका

माध्यमबाट आमूल परिवर्तनकारी आन्दोलनको श्रृष्टि गर्न अर्थात जनयुद्ध विना मुक्ति सम्भव छैन भन्ने भाव सहीतको जनमत तयार पार्न जोड गर्ने ।

घ. वैधानिक पत्र पत्रिका मार्फत प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थाको भण्डाफोर अभियानलाई अझ तीव्र पार्ने ।

ङ. अन्तराष्ट्रिय स्तरमा पार्टीको पक्षमा जनमत तयार पार्न जोड लगाउने ।

च. संशोधनवादको भण्डाफोर गर्न अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनका अनुभवका आधारमा रचनाहरु संकलित गरी एक पुस्तक प्रकाशन गर्ने ।

## २. संगठनात्मक तयारीः

**पार्टीः**

जनययुद्ध लगायत सम्पूर्ण काम कार्वाहीको नेतृत्वदायी शक्ति, मेरुदण्ड र न्युक्लियस पार्टी नै भएकोले यसलाई सुदृढ गर्ने, सुदृढिकरण गर्ने, यसको रक्षा र विकास गर्ने तथा चौतर्फी रुपमा यसको नेतृत्व स्थापित गर्ने कुराको महत्वलाई गम्भीरतापूर्वक लिन जरुरी छ । त्यसका लागि तत्काल निम्न कुराहरुमा ध्यान दिनुपर्दछ –

क. हरेक स्तरका पार्टी कमिटीहरुमा खुल्ला, संसदीय, लापर्वाहीपूर्ण निम्न पूँजीवादी चिन्तन र कार्यशैलीका विरुद्ध अन्तरपार्टी संघर्षलाई तीव्र पार्नु पर्दछ ।

ख. पार्टीका सम्पूर्ण काम कार्वाहीहरुलाई पूर्णतः भूमिगत ढाँचामा रुपान्तरण गर्ने ।

ग. संघर्षको नयाँ प्रक्रियामा केन्द्रीयता र अनुशासनको महत्व निकै बढ्ने कुरालाई दह्रोसंग पकड्ने ।

घ. भद्दा, ठूला र सुरक्षाका दृष्टिले बैठक बस्नै अप्ठेरो पर्ने कमिटीहरुलाई संभव भएसम्म पुनर्गठन गरी चुस्त पार्ने ।

ङ. हालका लागि सेल कमिटी बाहेक अन्य स्तरका पार्टी कमिटीहरुमा सेक्रेटरीयट व्यवस्था कायम गर्ने र अत्यन्त जरुरी महत्वका विषय बाहेक कमिटीको पूर्ण बैठक छिटो छिटो नबसी सेक्रेटरीयटले नै कार्य संचालन गर्ने ।

च. पार्टीको नयाँ निर्णय अनुसार रुपान्तरित हुन हिच्किचाउने सदस्यहरुलाई बाहिरै बसेर सहयोग गर्न अनुरोध गर्ने तथा अनुशासन हिन सदस्यलाई कार्यवाही गर्ने जस्ता विविधद्वारा पार्टी संगठनलाई सुदृढ गर्ने ।

छ. हरेक पाटी सदस्यले ‘अन्तरसंघर्ष’ ‘भूमिगत प्रणाली’ ‘सतर्कता’ ‘गोपनीयता’ ‘अनुशासन’ र ‘गतिशिलता’ लाई सुत्र शब्दका रुपमा लिने ।

ज. संघर्षको नयाँ प्रक्रियाको विकाससँगै भौतिक रुपले नै भूमिगत जान सबै सदस्यहरुले अफुलाई मानसिक रुपले तयार पार्ने ।

## नेतृत्व सम्वन्धमाः

नेतृत्व भन्नाले सामान्यतः सम्पूर्ण पार्टी, विशेषतः हरेक स्तरको नेतृत्वदायी पंक्ति र मुख्यतः केन्द्रीय नेतृत्व भन्ने बुझ्नु पर्दछ । नेतृत्व भनेको वास्तवमा नै सम्पूर्ण आन्दोलनको कूँजी हो । सर्वहारा वर्गको पार्टीमा नेतृत्व पंक्तिको विकास कैयौं वर्षको विचारधारात्मक एवं वर्गसंघर्षको

परिणामबाट हुन्छ । संघर्षको नयाँ प्रक्रियामा नेतृत्वको महत्व र जिम्मेवारी आजको स्थिति भन्दा कैयौं गुणा बढ्दछ ।

त्यसकारण दुश्मनले सबैभन्दा पहिले नेतृत्व पंक्तिलाई नै ध्वस्त पार्ने र जनयुद्धलाई विरुवामा नै निमोठ्ने प्रयास गर्दछ । वास्तवमा जनयुद्धको जीत र हार, हामीले नेतृत्व पंक्तिलाई बचाउन सक्छौं वा सक्तैनौं र नयाँ नेतृत्व पंक्तिको विकास प्रक्रियालाई सही किसिमले अगाडि बढाउन सक्छौं वा सक्तैनौं भन्ने कुरामा निर्भर हुन्छ । सशस्त्र संघर्षको प्रारम्भिक चरणमा नै नेतृत्वलाई सिध्याउन सफल भएकै कारण विश्वका कैयौं देशहरुमा जनयुद्धले असफलता भोग्नु परेको उदाहरणहरु प्रशस्त छन् । अतः हामीलृ नेतृत्वको सुरक्षा र विकासका लागि

## तत्काल निम्न कुराहरुमा ध्यान दिनुपर्दछः

क. पार्टीलाई आम जनतामा स्थापित गर्ने कामलाई सबैतिरबाट अधिकतम् महत्वका साथ लिनु पर्दछ । पार्टी जति व्यापक रुपमा जनतामा स्थापित हुन्छ, त्यति नै नेतृत्वको सुरक्षा र विकास हुन सक्दछ । आखिर जनताले मात्र आफ्नो नेतृत्वलाई बचाउन सक्दछ ।

ख. नेतृत्व सम्बन्धि माक्र्सवाद–लेनिनवाद–माओवादका शिक्षालाई पार्टी भित्र व्यापक रुपमा अध्ययन गर्ने र प्रशिक्षण संचालन गर्ने प्रक्रिया चलाउनु पर्दछ ।

ग. सचेत प्रयत्न र अन्तरसंघर्षको माध्यमबाट नेतृत्व पंक्तिलाई नयाँ आवश्यकता अनुसार रुपान्तरित हुन वातावरण तयार पार्न‘ पर्दछ ।

घ. पार्टी भित्र र बाहिर केन्दीय नेतृत्वका साथै सबै स्तरको नेतृत्व स्थापित गर्ने पद्धतिलाई अझ व्यवस्थित रुपमा लागु गरेर जानु पर्दछ ।

ङ. हरेक स्तरको कमिटीले मूल नेतृत्व र अन्य सदस्यको कामको क्षेत्र, जिम्मेवारी आदि माथि विचार गरी प्रत्येकका लागि सुरक्षाका ठोस उपायहरु निर्धारण गर्नु पर्दछ । निश्चित अवधिका लागि निश्चित नियम बनिसकेपछि तिनको दृढ परिचालन अनिवार्य हुनेछ ।

## संयुक्त मोर्चाका सम्बन्धमाः

हाम्रो आफ्नै विशिष्ट स्थितिमा विकास भएको संयुक्त मोर्चाको प्रश्न नितान्त संवेदनशील रहदै आएको छ । विद्यमान मोर्चालाई पार्टीको नेतृत्वमा चल्ने संघर्षको साधन र भावी सत्ताको भ्रुणका रुपमा विकास गरेर लैजाने पार्टीको निर्णय सैद्धान्तिक रुपले अत्यन्त सही र दुरगामी महत्वको छ । तर यसको व्यहारिक रुपान्तरणको प्रश्न अझै पनि गंभिर नै छ । सो रुपान्तरणका लागि निम्न कुराहरुमा ध्यान दिनु पर्दछ ।

क. जनयुद्धको थालनीको प्रक्रिया संगै सर्वप्रथम मोर्चाको नेतृत्वमा रहेको पार्टीका जिम्मेवारी कमरेडहरु भूमिगत जानु पर्दछ । तत्पश्चात पूरै केन्दीय समिति, जिल्ला र स्थानीय समिति सम्म क्रमशः सबैलाई भूमिगत लैजाने नीति लिनु पर्दछ ।

ख. यूद्धको विकास संगै जब छापामार इलाका र आधार इलाकाहरु बन्न थाल्दछन् तब नयाँ सत्ताका रुपमा मोर्चा कमिटीहरुले पुनः खुला रुपले काम गर्न थाल्ने छन् ।

ग. थालनीको प्रक्रियासंगै पार्टीका अपिल र अन्य क्रियाकलापलाई मोर्चाले समर्थन गरेर जानेछ । पार्टीलाई आम जनतामा स्थापित गर्न मोर्चाका तर्फबाट अधिकतम् जोड लगाईने छ ।

घ. जनाधार राम्रो भएका तथा संघर्षको राम्रो विकास भएका जिल्लाहरुमा मोर्चाले प्रारम्भ देखि नै भूमिगत ढंगले सत्ताको भ्रुणको रुपमा काम गर्न थाल्ने छ ।

## सेना निर्माण सम्बन्धमाः

अहिले प्रारम्भिक चरणमा विभिन्न स्तरका दलहरुको गठन र परिचालनको प्रक्रियालाई यथासक्य सरल बनाउन जरुरी छ । यसका साथै प्रत्येक पार्टी कमिटी र सदस्यहरु कोही पनि नछुट्ने गरी कुनै न कुनै रुपमा जनयुद्धको प्रक्रियामा सामेल रहने कुराको सुनिश्चितता पनि त्यत्तिकै जरुरी छ । त्यसका लागि निम्न कुराहरुमा ध्यान दिनु पर्दछ

क. हालका लागि संगठनात्मक जटिलताबाट बच्न र पार्टीको नेतृत्वदायी भूमिका सुनिश्चित गर्न सैनिक आयोगको काम केन्द्रमा पोलिटव्यूरो र त्यो भन्दा तल जिल्ला सम्म जहाँ ती बनेका छन् वा बनाउन आवश्यक छ , त्यहाँ सेक्रेटरीयटले नै सो काम गर्नेछन् । जिल्ला भन्दा तल सेल सम्म सैनिक आयोगको काम सेक्रेटरीहरुले नै गर्नेछन् । अतः सेक्रेटरीयटका निर्माण गर्दा सबै पार्टी कमिटीहरुले यो पक्षलाई ध्यान दिनु पर्दछ ।

ख. हालका लागि विभिन्न प्रकारका दलहरु जिल्ला अन्तरगत नै बनाइने छन् । संघर्षको प्रारम्भिक अवस्था र कामको सरलतालाई विचार गरी जिल्ला पार्टीको निर्णय अनुसार सकेसम्म एकै इलाकाका सदस्यहरुबाट एउटा जिल्लामा एक वा सो भन्दा बढी लडाकू दलहरु बनाइने छन् । ती सबै दलहरु यथा संभव डी.सी. एम. हरुको नेतृत्वमा बनाउन उपयुक्त हुनेछ । कार्यवाहीको प्रथम चरणमा दलका सबै सदस्यहरुको स्थायित्वको ग्यारेन्टी हुन सक्ने भएकोले यस सम्बन्धमा पार्टीले लचिलो ढंगले सोच्नु पर्दछ र साहसपूर्वक नयाँ सदस्य भर्ती गर्ने नीति लिनु पर्दछ ।

लडाकू दलका सदस्यहरु पार्टी सदस्य हुनु अनिवार्य छैन । कमिटीले उपयुक्त देखेका मोर्चाका सदस्य वा समर्थक जनताबाट सचेत त्यस प्रकारका व्यक्तिहरु लिन सकिन्छ । संघर्षको प्रक्रिया शुरु भईसकेपछि पार्टीले यी दलहरुमा समर्थक शुभचिन्तक जनताबाट लडाकूहरु भर्ती गर्न पटक्कै हिच्किचाउनु हुदैन । संघर्षलाई निरन्तरता दिन र त्यसलाई जनतासंग गाँसेर लैजान पार्टीका तर्फबाट यस ढंगले सोच्ने कुराको निकै ठूलो महत्व छ । संघर्षको विकाससंगै यी दलहरु साँचो अर्थमा नियमित दलमा रुपान्तरित हुदै जानेछन् । हालका लागि लडाकू दलहरुमा ३ देखि ७ जना सम्म मात्र सदस्य रहनु उपयुक्त हुनेछ । एउटै जिल्लामा दशौं दलहरु बन्न सक्दछन् । तर अहिले नै प्लाटुन र कम्पनी जस्तो गरी ठूला दलहरु बनाउनु सैद्धान्तिक र व्यवहारिक दुवै अर्थमा उपयुक्त हुने

छैन । निश्चित कार्यवाहीका निमित्त बढी संख्याको आवश्यकता परेमा उपल्लो कमिटीले विभिन्न दलहरुलाई जोडन सक्दछ ।

ग. जिल्ला कमिटीले लडाकू दल बनाउने र संचालन गर्ने प्रक्रिया जस्तै जिल्लाकै रेखदेखमा प्रत्येक एरिया कमिटीहरुले सके सम्म प्रत्येक एरिया सदस्यको नेतृत्वमा पार्टी सदस्य, मोर्चा सदस्य वा समर्थकबाट समेत मानिस लिई गाउँ सुरक्षा दल बनाउने छन् । त्यसरी एउटै एरियामा संभव भए सम्म प्रत्येक गाउँमा सुरक्षा दलहरु बनाउन कोशिस गर्नु पर्दछ । लडाकू दल र सुरक्षा दलको भिन्नता, कार्वाही हतियार र तालिमको प्रकृति, मात्रा र गुणद्वारा छुट्टिने कुरा हो । यसबारे गत विस्तारित बैठकको दस्तावेजमा स्पष्ट नीति निर्धारण गरिसकिएको छ ।

घ. त्यसरी नै प्रत्येक सेल कमिटीहरुले कामको आवश्यकता अनुसार सकेसम्म हर सदस्यको नेतृत्वमा स्वयंसेवक दल बनाई संचालन गर्नुपर्दछ । एउटा निश्चित काम सकिएपछि त्यसप्रकारका दलहरु भंग हुनेछन् । दलहरु पार्टी सदस्यको नेतृत्वमा मोर्चा सदस्य वा समर्थकहरु लिएर बनाईनेछन् ।

उपरोक्त विधिद्वारा गएर नै हामीले सम्पूर्ण पार्टी यन्त्रलाई कुनै न कुनै रुपमा जनयुद्धको काममा संलग्न गराई लडाकु पार्टीको विकास प्रक्रियालाई सुनिश्चित गर्न सक्ने छौं । यहाँ ध्यान दिनुपर्ने कुरा के हुन्छ भने पार्टी सदस्यको क्षमता, रुचि, उमेर अवस्था र आवश्यकता अनुसार सोचाई लजिष्टिक सामग्री निर्माण प्रकाशन लगायतका तमाम कामहरु गर्दा पनि टिमवद्ध रुपमा लगाउने कुरालाई हरेक स्तरको पार्टी कमिटीले गम्भीरतापूर्वक लिनुपर्दछ ।

## ज.व.स. सम्बन्धमाः

संघर्षको नयाँ प्रक्रियाको विकाससँगै ज.व.स.हरुको विद्यमान संरचना र कार्यशैलीमा ठूलो परिवर्तन आउने कुराको चेतना तयारी कै शिलशिलामा पार्टीमा दिईसक्नुपर्दछ । हालका लागि ज.व.स.हरुबारे निम्न नीति लिनुपर्दछ ।

क. जनयुद्धको थालनीसँगै मजदुर, किसान, विद्यार्थी, महिला, संस्कृति जस्ता प्रमुख ज.व.स.हरुका केन्द्रीय नेतृत्वमा प्रमुख सदस्यहरुलाई अर्धभूमिगत जान निर्देशन दिने ।

ख. संघर्षको विकाससँगै प्रमुख ज.व.स.हरु पूर्णतः भूमिगत जानुपर्ने स्थितिका लागि मानसिक रुपले तयार गर्ने ।

ग. सबै प्रमुख ज.व.स.हरुका काम कार्वाहीलाई स्थानीय रुपमा नै विशेष कृयाशिल पार्न जोड लगाउने । त्यसका लागि प्रमुख ज.व.स.हरुका केन्द्रीय सदस्यहरुलाई पार्टीको नेतृत्वमा स्थानीय क्षेत्रमा नै खटाउने व्यवस्था मिलाउने ।

घ. सामान्य प्रकारका ज.व.स.हरुलाई पार्टीसँग प्रत्यक्ष सम्बन्ध नदेखाई अप्रत्यक्ष सहयोग गर्ने र खुल्ला रहने नीति अवलम्बन गराउने ।

ङ.	भारत एवं अन्य देशमा रहेका ज.व.स.हरुलाई भने सम्भव भएसम्म खुला रुपले नै काम गराउने ।

**संघर्ष सम्बन्धि कामः**

जनयुद्ध थालनी भन्दा पहिले संघर्ष सम्बन्धि कामहरु प्रचारात्मक, जनपरिचालन र ग्रामीण वर्गसंघर्ष सम्बन्धि कामहरु नै हुन् । पार्टीले पहिलेदेखि गर्दै आएका यी कामहरु सबै क्षेत्र एवं जिल्लाहरुले आ–आफ्नो स्थिति अनुसार थालनी नहुँदासम्म जारी राख्नेछन् । यहाँ संघर्ष सम्बन्धि काम भन्नाले मुख्यतः जनयुद्ध कुन् कुन् रुपमा कसरी थाल्ने भन्ने हो । यसबारे निम्न कुराहरु ध्यान दिनुपर्दछ ।

## (क) संघर्षका रुपहरुः वैधानिक र वैधानिक रुपहरु

**प्रचारात्मक कार्यवाहीः** लेनिनले भने झैं 'प्रचार कहिल्यै खेर जाँदैन, वीउ छरेपछि त्यसको फल लिन्छ' भन्ने मान्यताका आधारमा प्रचारात्मक कार्यवाही गरिनुपर्दछ । पार्टीका नीति र कार्यक्रमबारे मुख्यतः जनयुद्धको नीति, औचित्य र महत्वबारे सशस्त्र वा निसस्त्र ढंगले योजनावद्ध रुपमा गरिने प्रचार नै यस अन्तर्गत पर्दछ । जनयुद्धको पक्षमा पर्चा, पोष्टर, वालिङ्ग, कार्टुन प्रदर्शन, छापामार जुलुश, मशाल जुलुश, घर घरमा गएर गरिने प्रचार लगायतका अनगिन्ती रुपमा यसलाई गर्न सकिन्छ । यस प्रकारका प्रचारका प्रभावकारी रुपहरुको खोजी र प्रयोगमा सबै स्तरका पार्टी कमिटीहरुले सिर्जनात्मकतामा पूरा ध्यान दिनुपर्दछ ।

**सेवोटेजः** योजनावद्ध ढंगले सामन्त, जमिन्दार, दलाल एवं नोकरशाही पूँजीपति एवं सरकारी स्वामित्वमा रहेको आर्थिक संयन्त्रमा तोडफोडद्वारा क्षति पु¥याउनु, स्थानीय जाली फटाह र जासुसहरुको घर र सम्पत्ति क्षतिग्रस्त पार्नु, सरकारी संचार÷यातायात अवरुद्ध पार्नु, बाटो घाटो, पुल, विद्युत लाईनको तोडफोड सबै यही सेवोटेज अन्तर्गत पर्दछन् । कार्यवाहीको यो रुप दुश्मनको लड्ने क्षमता घटाउने छापामारहरुको एउटा प्रभावकारी हतियार हो ।

गुरिल्ला युद्धः दुश्मनका विरुद्ध सशस्त्र ढंगले रेड, एम्बुश र एसल्ट गर्नु जस्ता उच्च प्रकारका कार्यवाहीहरु यस अन्तर्गत पर्दछन् । वास्तवमा यो नै छापामार संघर्षको प्रधान रुप हो र हुनुपर्दछ ।

वर्ग दुश्मन खतम पार्ने कार्वाहीः जनतामा बदनाम हत्यारा प्रमुख दुश्मन र जासुसहरु मध्य सबैभन्दा बदमासहरुलाई छानेर भौतिक रुपमा नै खतम पार्ने कार्वाहीहरु यस अन्तर्गत पर्दछन् । सत्ता कब्जाको प्रक्रियामा यस प्रकारका कार्यवाहीहरु आवश्यकीय रुपमा नै बढ्ने छन् । तर अहिलेको प्रारम्भिक स्थितिमा विशिष्ट केसहरुमा मात्र यी कार्वाहीहरु सक्ने छन् ।

उपरोक्त प्रकारका संघर्षका रुपहरुको कार्यान्वयन गर्दा निम्न क्रमलाई ध्यान दिनुपर्दछः

- मुख्य इलाकाहरुमा संघर्षका रुपहरुको प्राथमिकता क्रम-
  (क) गुरिल्ला युद्ध (ख) सेवोटेज (ग) वर्ग दुश्मन खतम (घ) प्रचारात्मक कार्वाही हुनेछन् ।
- सहायक इलाकाहरुमा त्यो क्रम-
  (क) सेवोटेज (ख) गुरिल्ला युद्ध (ग) प्रचारात्मक (घ) वर्ग दुश्मन खतम हुनेछन् ।

- प्रचारात्मक इलाकामा त्यो क्रम-

  (क) प्रचारात्मक (ख) सेवोटेज (ग) गुरिल्ला युद्ध (घ) वर्ग दुश्मन खतम हुनेछन् ।

त्यसैगरी दलहरुका हिसाबले संघर्षका रुपहरुको प्राथमिकता क्रम निम्न बमोजिम हुनेछन् ।

- लडाकु दलहरुका लागि-

  (क) गुरिल्ला युद्ध (ख) सेवोटेज (ग) प्रचारात्मक (घ) वर्ग दुश्मन खतम ।
- सुरक्षा दलहरुका लागि-

  (क) सेवोटेज (ख) प्रचारात्मक (ग) गुरिल्ला युद्ध (घ) वर्ग दुश्मन खतम ।
- स्वयंसेवक दलहरुका लागि –

  (क) प्रचारात्मक (ख) सामान्य सेवोटेज (ग) सरल प्रकारका गुरिल्ला कार्वाही

इलाकाहरुको हिसाबले जनयुद्धको थालनीका निमित्त संघर्षका रुपहरुको प्रयोगको सीमा निम्न बमोजिम हुनेछन् ।

मुख्य इलाकाहरुमाः

(क) गुरिल्ला युद्ध – अधिकतम ए।इ।ए। मा हमला गर्ने र ब्चmक कब्जा गर्ने, न्यूनतम सामन्त जाली फटाहको घर रेड गर्ने वा पुलिस अथवा अन्य दुश्मनलाई एम्बुशद्वारा हमला गर्ने ।

(ख) सेवोटेज – अधिकतम प्रशासनिक प्रतिष्ठानमा विष्फोट गराउने वा आगो लगाउने, न्यूनतम स्थानीय सामन्त, जाली फटाह र जासुसको आर्थिक क्षति पुर्याउने ।

(ग) वर्ग दुश्मन खतम – अधिकतम–बदनाम नोकरशाह वा अफिसरलाई खतम पार्ने, न्यूनतम, स्थानीय दुश्मन वा गुण्डाहरुमाथि आक्रमण ।

(घ) प्रचारात्मक – अधिकतम–आधुनिक हतियार सहीत जनतामा टीमवद्ध प्रचार गर्ने, न्यूनतम–निशस्त्र र टीमवद्ध प्रचार गर्ने, वालिङ्ग, पर्चा, पोष्टर आदि ।

सहायक इलाकाहरुमा –

(क) सेवोटेज–मुख्य इलाकाको जस्तै गर्ने ।

(ख) गुरिल्ला युद्ध–मुख्य इलाकाको न्युनतम जस्तै गर्ने ।

(ग) प्रचारात्मक–अधिकतम–स्थानीय हतियार सहीत टीमवद्ध प्रचार गर्ने,न्युनतम–पर्चा,पोष्टर,वालिङ्ग,घरघरमा गई प्रचार गर्ने ।

(घ) वर्ग दुश्मन खतम–विशिष्ट स्थितिमा स्थानीय सामन्त, जाली फटाह र गुण्डामाथि आक्रमण गर्ने ।

प्रचार इलाकाहरुमा –

(क) प्रचारात्मक–अधिकतम–पर्चा, पोष्टर, वालिङ्ग, कार्टुन, जुलुश आदि । न्युनतम–घर घरमा गई प्रचार गर्ने ।

(ख) सेवोटेज–स्थानीय सामन्ती, जाली फटाहको आर्थिक क्षति पु¥याउने

(ग) गुरिल्ला कार्वाही–सहायक इलाका जस्तै गर्ने ।

(घ) वर्गदुश्मन खतम–अधिकतम–क्षेत्रको स्वीकृति लिई विशिष्ट केसमा वर्गदुश्मन खतम न्युनतम बदमासहरुलाई शारिरीक दण्डसम्म मात्र ।

मुख्य इलाकाहरुमा जनयुद्धको थालनीका लागि कार्वाहीको निशाना र अन्य योजना मूर्त रुपमा केन्द्रीय कार्यालय र क्षेत्र मिलेर बनाइने छन् । सहायक इलाकाहरुमा त्यो योजना क्षेत्रीय कार्यालय र उप–क्षेत्र इन्चार्ज मिलेर बनाउने छन् । प्रचार इलाकाहरुमा उप–क्षेत्र ईन्चार्ज र जिल्ला समिति मिलेर बनाउने छन् । सुरक्षा दल र स्वयंसेवक दलको ठोस योजना क्षेत्रको निर्देशनमा जिल्लाहरुले नै बनाउने छन् । तर त्यसो गर्दा जिल्लाले एरियामा र एरियाले सेलमा नै गएर कार्वाहीको मूर्त योजना बनाउनु पर्नेछ । उपरोक्त नीति अनुसार संघर्षका रुपहरुको प्रयोगका लागि आवश्यक सबै तयारी यसै निर्धारित अवधिमा पूरा गर्नुपर्नेछ ।

**संघर्षका वैधानिक रुपहरुबारेः** संघर्षको प्रधान रुप अवैधानिक र सशस्त्र हुन्छ भन्ने कुरा माथिको योजनामा स्पष्ट अभिव्यक्त भएको छ । योजना कार्यान्वयनको प्रक्रियामा पार्टीले व्यापक जनसमुदायलाई परिचालन गरी विभिन्न प्रकारका जनकार्वाही ९ाबकक ब्अतष्यल० पनि गर्नु पर्दछ । ती पनि अवैधानिक र सशस्त्र कार्वाही भित्रै पर्दछन् । तर संघर्षको सहायक रुप वैधानिक ढंगको राष्ट्रियता, जनतन्त्र एवं जनजिविकाका विविध समस्याहरुलाई लिएर विविध रुपमा जनआन्दोलन उठाउने कुरा र त्यसको महत्वलाई पार्टीले कहिल्यै बिर्सनुहुन्न । त्यसरी वैधानिक संघर्षको सहयोग जुटाउन सकिएन भने सशस्त्र संघर्ष अलगावमा पर्ने खतरा उत्पन्न हुन्छ भन्ने तथ्यलाई हरेक स्तरको पार्टी कमिटीले गम्भीरतापूर्वक लिनुपर्दछ । त्यसका निमित्त जनयुद्धको थालनी पश्चात निम्न तरीकाले जानको लागि आवश्यक तयारी गर्दै जानुपर्दछ ।

(क) सरकारी दमनका विरुद्ध विभिन्न स्तरमा विभिन्न ज.व.स.हरुका तर्फबाट विरोध ¥याली, सभा र अन्य कार्यक्रम गर्ने ।

(ख) विभिन्न प्रकारका सामाजिक संघ÷संस्था लाई जनपरिचालनका निमित्त उपयोग गर्ने ।

(ग) आवश्यकता अनुसार वैधानिक क्रियाकलापका निमित्त विभिन्न स्तरमा विभिन्न नामबाट जन–अधिकार समितिहरु बनाई जनपरिचालन गर्ने ।

(घ) मजदुर, किसान, महिला, विद्यार्थी, बुद्धिजीवी लगायतका विभिन्न जन–वर्गका पेशागत समस्याहरुलाई लिएर केन्द्रीय र मुख्यतः स्थानीय रुपमा संघर्ष उठाउन प्रयास गर्ने आदि ।

(ञ) विभिन्न प्रकारका दलहरुका निमित्त निर्देशिका तयार पारी एक चरण अध्ययन गराउने ।

पुनश्चः माथि उल्लेखित तयारी सम्बन्धि सबै कामहरु प्रवास र उपत्यकाञ्चलमा अन्यत्र जस्तै सामान्य विधिद्वारा गर्न सम्भव नहुने भएकोले क्षेत्रीय विशेषता अनुसार अत्यन्त भूमिगत रुपमा क्षेत्रको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा गर्नुपर्दछ । प्रचार गर्ने, सञ्चित शक्ति निर्माण गर्ने तथा लडाकु आपुर्ति गर्ने हिसाबले प्रवासको कामलाई संगठित गरिनुपर्दछ । उपत्यकाञ्चलमा प्रचार गर्ने, कार्यकर्ता तयार पारी गाउँतिर पठाउने, गाउँको संघर्षलाई सहयोग पुग्ने किसिमले कार्वाहीहरु गर्ने तथा अहिलेदेखि नै भावी विद्रोहको तयारीका रुपमा कामहरुलाई संगठित गर्नुपर्दछ ।

## द्वितीय उप–चरण

जनयुद्धको थालनीः विभिन्न प्रकारका दलहरुका निमित्त निर्देशिका तयार पारी एक चरण अध्ययन गराउने । पुनश्चः माथि उल्लेखित तयारी सम्बन्धि सबै कामहरु प्रवास र उपत्यकाञ्चलमा अन्यत्र जस्तै सामान्य विधिद्वारा गर्न सम्भव नहुने भएकोले क्षेत्रीय विशेषता अनुसार अत्यन्त भूमिगत रुपमा क्षेत्रको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा गर्नुपर्दछ । प्रचार गर्ने, सञ्चित शक्ति निर्माण गर्ने तथा लडाकु आपुर्ति गर्ने हिसाबले प्रवासको कामलाई संगठित गरिनुपर्दछ ।

उपत्यकाञ्चलमा प्रचार गर्ने, कार्यकर्ता तयार पारी गाउँतिर पठाउने, गाउँको संघर्षलाई सहयोग पुग्ने किसिमले कार्वाहीहरु गर्ने तथा अहिलेदेखि नै भावी विद्रोहको तयारीका रुपमा कामहरुलाई संगठित गर्नुपर्दछ । ग्चदबल नगभचचष्िि धबचाबचभ को कार्यनीति अपनाउने । द्वितीय उप–चरण (जनयुद्धको थालनी)–प्रथम उप–चरणका कामलाई निश्चित अवधिमा अभियानका रुपमा सम्पन्न गरेपछि यो सम्पूर्ण योजनाको केन्द्रीय भाग, दोस्रो उप–चरण जनयुद्धको ऐतिहासिक थालनी गर्नुहुनेछ । थालनीको सन्दर्भमा निम्न कुराहरुमा स्पष्ट हुन जरुरी छ ।

१. जनयुद्धको थालनी गर्ने काम पार्टीको पूरानो प्रक्रियाबाट नयाँ प्रक्रियामा क्रमशः विकासका रुपमा नभएर एक ठूलो धक्का र फड्कोका रुपमा हुनेछ ।
२. यो थालनी वा सम्पूर्ण कार्वाहीहरु सामन्त, नोकरशाह र दलाल पूँजीपति वर्गका विरुद्ध केन्द्रीत एवं परिलक्षित हुनेछन् ।
३. जनयुद्धको यो थालनी निश्चित मितिमा एकै दिन देशका सबै क्षेत्रमा योजना मुताविक निर्धारित प्रतिनिधि कार्यवाहीद्वारा हुनेछ ।
४. थालनीकै दिन “जनयुद्धको बाटोमा अघि बढौं” भन्ने मूल नारा सहीतको एक ऐतिहासिक पर्चा देशव्यापी रुपमा वितरण गरिनेछ र जनयुद्धको भाव झल्केको एक पोष्टर पनि सोही दिन देशभरी टाँसिनेछ ।
५. समग्र पक्षमाथि विचार गरी थालनीको निश्चित मिति र दिन केन्द्रीय कार्यालयले निर्धारण गर्नेछ ।
६. थालनीको दिन संघर्षका रुपहरुमा गुरिल्ला युद्ध, सेवोटेज र प्रचारात्मक कार्यवाही मात्र प्रयोगमा ल्याईनेछन् ।

**तृतीय उप–चरण(जनयुद्ध थालनीको निरन्तरता)**–यो उप–चरण योजनाको अन्तिम भाग हुनेछ । यस अन्तर्गत निम्न कुराहरु गरिनेछन् :

१. मुख्यतः सहायक र प्रचारात्मक सबै इलाकाहरुमा सबै प्रकारका दलहरुका निमित्त तयारी कै क्रममा मुर्तिकरण गरिएका संघर्षका कार्यक्रमहरुलाई कार्यान्वयन गरिनेछ ।
२. यो उप–चरण थालनीको विस्तारका रुपमा हुनेछ ।

प्रथम उप–चरणका कामलाई निश्चित अवधिमा अभियानका रुपमा सम्पन्न गरेपछि यो सम्पूर्ण योजनाको केन्द्रीय भाग, दोस्रो उप–चरण जनयुद्धको ऐतिहासिक थालनी गर्नुहुनेछ । थालनीको सन्दर्भमा निम्न कुराहरुमा स्पष्ट हुन जरुरी छ ।

१. जनयुद्धको थालनी गर्ने काम पार्टीको पूरानो प्रक्रियाबाट नयाँ प्रक्रियामा क्रमशः विकासका रुपमा नभएर एक ठूलो धक्का र फड्कोका रुपमा हुनेछ ।
२. यो थालनी वा सम्पूर्ण कार्वाहीहरु सामन्त, नोकरशाह र दलाल पूँजीपति वर्गका विरुद्ध केन्द्रीत एवं परिलक्षित हुनेछन् ।
३. जनयुद्धको यो थालनी निश्चित मितिमा एकै दिन देशका सबै क्षेत्रमा योजना मुताविक निर्धारित प्रतिनिधि कार्यवाहीद्वारा हुनेछ ।
४. थालनीकै दिन "जनयुद्धको बाटोमा अघि बढौं" भन्ने मूल नारा सहीतको एक ऐतिहासिक पर्चा देशव्यापी रुपमा वितरण गरिनेछ र जनयुद्धको भाव झल्केको एक पोष्टर पनि सोही दिन देशभरी टाँसिनेछ ।
५. समग्र पक्षमाथि विचार गरी थालनीको निश्चित मिति र दिन केन्द्रीय कार्यालयले निर्धारण गर्नेछ ।
६. थालनीको दिन संघर्षका रुपहरुमा गुरिल्ला युद्ध, सेवोटेज र प्रचारात्मक कार्यवाही मात्र प्रयोगमा ल्याईनेछन् ।

### तृतीय उप–चरण (जनयुद्ध थालनीको निरन्तरता)

यो उप–चरण योजनाको अन्तिम भाग हुनेछ । यस अन्तर्गत निम्न कुराहरु गरिनेछन् :

१. मुख्यतः सहायक र प्रचारात्मक सबै इलाकाहरुमा सबै प्रकारका दलहरुका निमित्त तयारी कै क्रममा मुर्तिकरण गरिएका संघर्षका कार्यक्रमहरुलाई कार्यान्वयन गरिनेछ ।

२. यो उप–चरण थालनीको विस्तारका रुपमा हुनेछ ।

४. प्राविधिक कामका सम्बन्धमाः निश्चित अवधिमा प्राविधिक पक्षमा निम्न कुराहरु पूरा गर्न ध्यान दिनुपर्दछ ।

(क) Target को छनौट, सर्वेक्षण र आवश्यक नक्साहरु संकलन गर्ने ।
(ख) जनयुद्धको थालनीको योजना बमोजिम सो को निमित्त आवश्यक न्यूनतम सामाग्रीहरु संकलन गर्ने ।
(ग) थालनीका निमित्त योजना बमोजिम दलहरुलाई प्राविधक प्रशिक्षण दिने ।
(घ) सबै स्तरका पार्टी कमिटीहरुले न्यूनतम रुपमा रासन पानी, औषधीमूलो, लत्ता कपडा लगायतका Lagistics को नियमित आपुर्तिको व्यवस्थापन गर्ने ।
(ङ) सबै स्तरका पार्टी कमिटीहरुले ड्रेन, ड्रम, डम्प र विभिन्न कामका निमित्त आवश्यक सुरक्षित स्थलहरुको खोजी र निर्धारण गर्ने ।
(च) सबै स्तरका पार्टी कमिटीहरुले न्यूनतम रुपमा नगद कोष व्यवस्था गर्ने ।
(छ) भूमिगत संचार प्रणालीको व्यवस्था गर्ने ।
(ज) अन्तराष्ट्रिय सम्बन्ध र प्रचारको कामलाई व्यवस्थित गर्ने ।
(झ) सैन्य कार्वाहीको दिशा एवं मुख्य, सहायक र प्रचार इलाकाको निर्धारण गर्ने ।

## योजनाका अन्य महत्वपूर्ण कुराहरु

(क) केन्द्रीय कार्यलयः जनयुद्धको ऐतिहासिक पहल लगायतका पार्टीका समग्र कृयाकलापको मुटुका रुपमा केन्द्रीय कार्यालयलाई नयाँ निर्णयको भावना अनुसार भुमिगत रुपले वयवस्थित पार्नु पर्दछ । त्यसका लागि भूमिगत संचार वयवस्था स्टाफ र अन्य आवश्यक तयारी तत्काल गरिनु पर्दछ । नयाँ निर्णय अनुसार रुपान्तरणको प्रक्रिया केन्द्रीय कार्यालयबाट नै थाल्नु पर्दछ ।

(ख) संचारबारेः जनयुद्धको थालनी पछि प्रतिक्रियावादका तर्फबाट हुने दमनलाई मध्यनजर गरी केन्द्र, क्षेत्र र जिल्ला सबैले भुमिगत संचार प्रणालीको व्यवस्था गर्ने कामलाई उच्च प्राथामिता दिनु पर्दछ । त्यसका लागि तत्काल निम्न कुरामा ध्यान दिनु पर्दछ ।

घटनाक्रमको जानकारी तुरुन्त माथिल्लो कमिटिमा पु¥यान र माथिको निर्देशन प्राप्त गर्ने अप्रत्येक्ष तरीका मिलाई कोडको प्रयोग गर्ने ।

दस्तावेज चिठी पत्र आदिको आदान प्रदानको लागि निश्चित कोरियर, भूमिगत बाटोघाटो एवं सुरक्षित स्थलहरुको व्यवस्था गर्नु ।

टेक सम्बन्धि सामग्रीको ओसार–पसारका लागि अलग व्यवस्था गर्नु ।

संचार सम्बन्धि कामलाई व्यवस्थित पार्न हरेक स्तरको कमिटीले एक उपयुक्त सदस्यको नेतृत्वमा संचार विभाग गठन गर्ने ।

(ग) आर्थिक सम्बन्धमाः यो समग्र योजना कार्यान्वयन गर्न पार्टीलाई प्रशस्त तगद रकमको आवश्यकता पर्दछ । सामान्यतः अनुमान अनुसार कम्तिमा २० लाख रुपैंया यसका लागि अनिवार्य छ । पैसाको अभावले निर्णय कार्यान्वयनको गतिमा असर पार्ने मात्र होईन त्यसले सम्पूर्ण पार्टीको सुरक्षामा नै गम्भीर खतरा उत्पन्न हुन्छ । थालनीपछि पार्टी कमिटीहरुसँग अग्रीम कोष भएन भने त्यसको घातक परिणाम हुनसक्छ । तयारीको खर्च बाहेक थालनीको ठिक पूर्व केन्द्रसँग कम्तिमा १० लाख र हरेक क्षेत्रसँग १ देखि डेढ लाखसम्म नगद रहनु आवश्यक देखिन्छ । त्यसका लागि निम्न उपायहरु अपनाउनु पर्दछ ।

पूरै गम्भीरताका साथ योजनावद्ध ढंगले जिन्सी चन्दा संकलन गर्ने ।

विदेशमा रहेका नेपालीहरुबाट चन्दा संकलन गर्ने ।

देश भित्र नै केन्द्रीय योजना अनुरुप चन्दा अभियान चलाउने ।

केही निश्चित प्राविधिक सामानहरु दुश्मनबाट कब्जा गर्ने, यसमा क्षेत्रहरुले अनिवार्य रुपमा कमिटीमा एक सामान कब्जा गर्नु पर्नेछ ।

अन्य विधिको खोजी गर्न सबै क्षेत्रहरुले सृजनात्मक रुपले सोच्नुपर्दछ ।

(घ) जेल लाईनबारेः जनयुद्धको थालनी पूर्व सबै पार्टी सदस्यहरुले वैधानिकता बचाएर अहिलेसम्म जसरी जाने गरिएको छ त्यसरी नै जानु पर्दछ । तर थालनी पछिको गुणात्मक रुपले भिन्न स्थितिमा अपनाउनु पर्ने नीति निम्न बमोजिम हुनेछ ।

(च) घुसपैठका सम्बन्धमाः दुश्मनका तर्फबाट पार्टीभित्र हुनसक्ने घुसपैठबाट बच्न तथा दुश्मनको स्थिति पत्ता लगाउन हाम्रो तर्फबाट घुसपैठ गर्ने कुरालाई गम्भीरतापूर्वक लिनुपर्दछ । त्यसका लागि प्रशासन, सेना, पुलिस लगायतका विविध क्षेत्रमा पार्टी सुराकीहरुको जालो तयार पार्न प्रयत्न गर्नुपर्दछ ।

आफुलाई र दुश्मनलाई चिनेपछि जतिपनि लडाई जित्न सकिन्छ भन्ने कुराको वैज्ञानिकतालाई विचार गरी सबै स्तरका पार्टी कमिटीहरुले दुश्मनका त्यसप्रकारका स्थानमा पहिलेदेखि नै काम गर्दै आएका आफ्ना समर्थक, शुभचिन्तक र नातेदारहरुको खोजविन गरी आवश्यक सम्पर्क गर्ने तथा कतिपय स्थानमासचेत ढंगले आफ्ना सदस्यहरुलाई पठाउने पनि गर्नुपर्दछ । त्यसप्रकारका सुत्रहरुको सूचना तलका कमिटीहरुले अविलम्ब माथिल्लो कमिटीमा दिनुपर्नेछ ।